म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ३२३ २०८१ कार्तिक ९ गते शुक्रबार 25 October 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## दुर्घटनामा घाइते बस चालकको मृत्यु

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-६, चौकीटोलमा असोज २८ गते भएको दुर्घटनामा घाइते बस चालकको उपचारको क्रममा मृत्यु भएको छ ।

असोज २८ गते दिउँसो ४ बजेर ४५ मिनेटको समयमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना ७ ख ३१२० नम्बरको बस र मनहरीबाट चितवनतर्फ जाँदै गरेको ना ६ ख ३११९ नम्बरको ट्रक एक-आपसमा ठोक्किएर दुर्घटना भएको थियो । दुर्घटनामा परी घाईते भएका बस चालक सर्लाही जिल्लाको लालबन्दी नगरपालिका-९ का ५७ वर्षीय तिलक बिकको चितवन जिल्लाको भरतपुर महानगरपालिकास्थित पुरानो मेडिकल कलेजमा उपचारको क्रममा बुधबार राती २ बजेको समयमा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

# बागमती प्रदेश सरकारका मन्त्रीले सम्पत्ति विवरण सार्वजनिक गरेनन्



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मन्त्रीहरुको सम्पत्ती विवरण सार्वजनिक हुन सकेको छैन । सुशासन र पारदर्शीताको गुनगान गरेर नथाक्ने प्रदेश सरकारका मन्त्रीहरुको सम्पत्ती विवरण विगतदेखि नै गोप्य राखिँदै आएको छ । प्रदेश सरकारले स्थापनादेखि हालसम्म ४ मुख्यमन्त्रीको नेतृत्वमा ८५ जना मन्त्री भइसकेका छन् । केही दोस्रो र तेस्रो पटकसम्म मन्त्री बनिसकेका छन् भने केही पहिलो पटक सरकार मन्त्री बनेका छन् । तर, उनीहरुको सम्पत्ती विवरण गोप्य राखिँदै आएको छ ।

प्रदेश सरकारको नेतृत्वमा मुख्य तीन दलका नेताहरुले लिइसकेका छन् । मुख्यमन्त्री बन्ने सबैको प्रमुख प्राथमिकता सुशासन र पारदर्शीता नै रहने गरेको छ । सरकारको नेतृत्व लिएदेखि कार्यकालभर उनीहरु भ्रष्ट्राचार विरुद्ध शून्य सहनशीलता र पारदर्शीताको बहस र भाषण गर्ने गर्छन् । तर, आफ्नो सम्पत्ती विवरण सार्वजनिक गर्ने तर्फ न सरकारको नेतृत्वकर्ताको ध्यान गएको छ, न नै मन्त्रीहरुले चासो देखाउने गरेका छन् ।

पछिल्लो समय सरकारको नेतृत्व लिएको नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामा सुशासनको भाषण निकै जोडदार गर्नुहुन्छ । कांग्रेस प्रतिपक्षमा रहँदा सुशासन र पारदर्शीताको सवालमा खरो उत्रने गरेको प्रदेशसभाका बैठकहरुमा प्रष्ट देखिन्थ्यो । तर, सरकारको नेतृत्व लिएको ३ महिनासम्म पनि मन्त्रीहरुको सम्पत्ती विवरण सार्वजनिक नगर्नुले भाषण र व्यवहारितामा दलहरुको काम फरक पर्ने प्रष्ट्याएको छ ।

त्यसो त मुख्यमन्त्री लामाका हरेक औपचारिक कार्यक्रमका सम्बोधनमा ३ विषय नछुटाई बोल्नुहुन्छ । अद्यावधिक, औद्योगिककरण तथा रोजगारी सृजना र निःशुल्क स्वास्थ्य उपचारका लागि आहार प्रणाली (खानेकुरा व्यवस्थापन) उहाँको भाषणका मुख्य ३ विषय हुन् । उहाँको भाषणको शिलशिलामा आउने पहिलो विषय हो अद्यावधिक । उहाँ प्रदेश सरकारका हरेक विषय पारदर्शी बनाउन सिस्टमलाई अद्यावधिक गर्नुपर्ने बताउँछन् । सोमबार मात्र एक औपचारिक कार्यक्रममा पनि उहाँले यिनै ३ विषयमा आफ्ना अभिव्यक्ति केन्द्रीत गर्नुभएको थियो । भ्रष्ट्राचार नियन्त्रणका लागि हरेक व्यक्तिले आफ्ना विषयहरु अद्यावधिक गर्नुपर्छ उहाँको भाषणका शब्दहरु हुन् । प्रणाली अनुसार जिम्मेवारीमा रहेका व्यक्तिहरुले आफ्ना विषय अद्याधिक गरेको खण्डमा कस्को कुन समयमा के भयो भन्ने पत्ता लगाउन सकिने र भ्रष्ट्राचार नियन्त्रण गर्न सकिने उहाँको भाषणको सार हो ।

प्रदेश सरकारसँग जोडिएका विषयहरुको अद्यावधिक गरे तथ्यांक तयार गर्ने र सोही अनुसार सुशासन तथा पारदर्शीतासहित कार्ययोजना बनाउने उहाँको भनाई हुन्छ । तर, विडम्बना भाषण अनुसारको काम उहाँ आफै गरिरहनु भएको छैन । उहाँ मुख्यमन्त्री बन्नुभएको ९० दिन बित्दासमेत उहाँसहित प्रदेश सरकारका अन्य १३ मन्त्रीहरुको सम्पत्ती विवरण सार्वजनिक हुन सकेको छैन । सुशासन र पारदर्शीताको पालना प्रदेशका मन्त्रीदेखि प्रदेश सभा सदस्य र कर्मचारीहरुले गरेको देखिँदैन । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रीहरुको सम्पत्ती विवरण गोप्य राख्ने गरेको छ ।

गत साउन ९ मा मुख्यमन्त्री नियुक्त भएका लामासहित कांग्रेसका ७ र एमालेका ६ मन्त्रीहरुको सम्पत्ती विवरण सार्वजनिक गरिएको छैन ।

कांग्रेसबाट मुख्यमन्त्री लामा, आर्थिक मामिला तथा योजना मन्त्रीमा कुन्दनराज काफ्ले, सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी, खानेपानी उर्जा तथा सिंचाई मन्त्री श्याम बहादुर खड्का, संस्कृति पर्यटन तथा सहकारी मन्त्री विमल ठकुरी, आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने, युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन र विना विभागीय मन्त्री मदुकुमार श्रेष्ठको सम्पत्ती विवरण सार्वजनिक गरिएको छैन ।

यता एमालेबाट मन्त्री भएका कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठ, भौतिक पूर्वाधार विकास मन्त्री अमन कुमार मास्के, श्रम रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जन, वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवाल र उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङको सम्पत्ती विवरण सार्वजनिक गरिएको छैन ।

भ्रष्ट्राचार निवारण ऐन, ०५९ को दफा ५० ले सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पदमा बसेको ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सरकारलाई बुझाउनुपर्ने व्यवस्था गरेको छ । यस्तो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने बाध्यता भने छैन ।

संघीय र केही प्रदेशमा मन्त्रीहरुको सम्पत्ती विवरण सार्वजनिक भइरहँदा बागमतीमा भने सो अभ्यासको थालनी भएको छैन । आर्थिक पारदर्शिताका लागि सम्पत्ती विवरण सार्वजनिक गर्नु सरकारी निकायका पदाधिकारीको असल अभ्यासको रुपमा रहने गरेको छ । वर्तमान मन्त्रिपरिषद्का १४ जना मन्त्रीहरुले सम्पत्ती विवरण भरेर प्रदेश किताबखानामा बुझाइसकेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रशासन महाशाखा प्रमुख सचिव श्रवणकुमार पोखरेलका अनुसार समय अवधिमा नै मन्त्रीहरुले सम्पत्ती विवरण बुझाएका छन् ।

## गाँजासहित एकजना पक्राउ

# सिमेन्ट उद्योगसहित विभिन्न चोरीका घटनामा संलग्न ८ जना पक्राउ




*लागुऔषध गाँजा तस्करी र चोरीका घटनामा संलग्नहरुलाई बरामद भएका सामग्रीसहित सार्वजनिक गर्दै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ । गाँजा तस्करी र चोरीका घटनामा संलग्नलाई प्रहरीले बिहिबार पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको छ । गाँजा तस्करीको घटनामा संलग्नलाई ८ दिन र चोरीका घटनामा संलग्नलाई ६ दिन हिरासतमा राखेर अनुसन्धान गर्न मकवानपुर जिल्ला अदालतबाट अनुमति समेत लिएको जनाएको छ ।

ईलाका प्रहरी कार्यालय नेवार पानीबाट खटिएको प्रहरी टोलीले बुधबार पूर्व-पश्चिम राजमार्गाअन्तर्गत रजैयाबाट बागमती प्रदेश ०१-०२५ च ७८७१ नम्बरको योद्धा पिकअप गाडीबाट गाँजा बरामद गरेको हो । प्रहरीले लागुऔषध गाँजासहित हेटौंडा-३ बसामाडीका २४ वर्षीय पन्चलाल थिङलाई नियन्त्रणमा लिएको छ ।

यस्तै हेटौंडाका विभिन्न चोरीका घटनामा संलग्न भएको अभियोगमा ८ जनालाई पक्राउ गरेको छ । चोरीको घटनामा संलग्न एक नाबालकलाई भने प्रहरीले हिरासतमा नलिइएको प्रहरीले जनाएको छ । हेटौंडा सिमेन्ट उद्योगको तार चोरीको घटनामा संलग्न ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । असोज २२ गते उद्योगको तार चोरी गरेको अभियोगमा हेटौंडा-१३ का २२ वर्षीय मनिराज थोकर, २८ वर्षीय सन्त बहादुर तितुङ र तार खरिद गर्ने भारतीय नागरिक खुशकुमार साहलाई प्रहरीले पक्राउ गरेको छ । चोरीमा संलग्न अन्यलाई प्रहरीले खोजी गरिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख विश्वराज खड्काले जानकारी दिनुभयो ।

हेटौंडा-८, कमानेमा निर्माणाधिन आवासीय भवनबाट विजुलीको तार चोरी गर्ने ३ जनालाई पनि प्रहरीले पक्राउ गरेको छ । प्रहरीले हेटौंडा-८, कमानेका २६ वर्षीय सुमन राई, २५ वर्षीय समीर घिमिरे र २४ वर्षीय सुशान्त श्रेष्ठलाई नियन्त्रणमा लिएको छ । सुशान्त श्रेष्ठ हेटौंडा-८, क्याम्पाडाँडा पारी रहेको हेटौंडा फन भिल्लाबाट साउण्ड सिस्टम र नगद २० हजार रुपैयाँ चोरीको घटना र हेटौंडा-२ बाट मोटरसाइकल चोरीको घटनामा पनि संलग्न रहेको प्रहरीले जानकारी दिएको छ । यस्तै काठमाडौं-मधेश/तराई फास्ट ट्र्याक आयोजनामा वेल्डिङको काम २४ वर्षीय राजेश्वर चौधरी र राहुल चौधरीलाई लेनडाँडाबाट ३७ केजी २३ ग्राम बिजुलीको तार चोरी गरी हेटौंडातर्फ ल्याउँदै गरेको अवस्थामा पक्राउ गरेको छ ।

जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक खड्काले चोरीको घटनामा संलग्न भएकाहरुलाई पक्राउ गरी सोधपुछ गर्दा चोरीका घटनामा संलग्नहरुको ठूलो जालो पहिचान भएको र फरार भएकाहरु र चोरीका अन्य घटनामा संलग्नहरुलाई खोजी कार्य भइरहेको जानकारी दिनुभयो । पछिल्लो समय हेटौंडामा चोरीका घटना बढेको भन्दै सुरक्षा निकायप्रति तीव्र आलोचना भइरहँदा बिहिबार उल्लेख्य संख्यामा चोरीका घटनामा संलग्नहरुलाई एकसाथ सार्वजनिक गरेको हो ।

# विद्युत प्राधिकरणले काट्यो उद्योगको लाइन

काठमाडौंः डेडिकेटेड र ट्रंक लाइन विवादमा नेपाल विद्युत प्राधिकरणले फेरि पनि उद्योगहरुको लाइन काट्न थालेको छ । बिहीबार साँझ ८ बजेबाट विभिन्न उद्योगहरुको लाइन काट्न थालिएको एक उद्योगीले जानकारी दिए ।

हालसम्म अर्घाखाँची सिमेन्ट, घोराही सिमेन्ट, सोनापुर सिमेन्ट, भलवारी स्वचालित चामल उद्योग, एसआर फुड्स, श्याम प्लास्टिक, घराना फुड्स, गोयन्का फुड्स, कसमस सिमेन्ट र बाबा जुट मिलको लाइन काटिएको ती उद्योगीले जानकारी दिए । कार्यकारी निर्देशक घिसिङले बिहीबार साँझ उर्जा मन्त्री दिपक खड्कासँग भेटेर लाइन नकाट्ने हो भने मन्त्रीपरिषद्ले निर्णय गरिदिनुपर्ने बताएका थिए । मन्त्रिपरिषद् बैठकमा कुलमानले गरेको प्रस्तावको बारेमा छलफल भए पनि कुनै निर्णय भएको थिएन । त्यसलगत्तै उनले लाइन काट्न शुरु गरेका हुन् । थप उद्योगको पनि लाइन काटिएको हुनसक्ने र रातको समय भएकाले जानकारी नआएको हुनसक्ने ती उद्योगीले बताए ।

पछिल्लोपटक गत २४ असोजमा एक सूचना प्रकाशित गर्दै प्राधिकरणले बक्यौता महसुल भुक्तानी गर्न भन्दै ८ कात्तिकसम्मको म्याद दिएको थियो । तर, प्राधिकरणले बिल दिएको तर विद्युत प्रयोगको प्रमाण नदिएको भन्दै सो बक्यौता नतिर्ने अडानमा उद्योगीहरु छन् । प्राधिकरणले असोजमा डेडिकेटेड र ट्रंकलाइनको विद्युत चलाएका ४९ उद्योगलाई बक्यौता तिर्न सूचना निकालेको थियो । प्राधिकरणले गणना सिटअनुसार थप दस्तुरसहितको बक्यौता बुझाउन पुनः ताकेता गरेको थियो । प्राधिकरणले बाबा जुट मिल, रघुपति जुट मिल, उदयपुर सिमेन्ट, रिलायन्स स्पिनिङ मिल्स, निगाले सिमेन्ट, अरिहन्त मल्टिफाइबर, मारुती सिमेन्टलाई २०७२ माघदेखि २०७५ वैशाखसम्मको महसुलवापतको बक्यौता बुझाउन भनेको थियो ।

**●पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।**

**●जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।**

**●ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

**हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयद्वारा 'अव्यवस्थित केवल तारहरू हटाउने/व्यवस्थित गर्ने सम्बन्धी 'अत्यन्त जरुरी सूचना !!**

*(सूचना प्रकाशित मितिः २०८१ कार्तिक ९)*

यस हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र विभिन्न केवल नेटवर्क व्यवसायीहरुले आफ्नो मनोमानी रुपले नगरको मूख्य बजार क्षेत्रमा विद्युतीय पोलहरुमा अनाधिकृत र अव्यवस्थित रुपमा केवलतार टाङ्ने गरेको र त्यसबाट नगरको सौन्दर्यतामा आँच आउनुका साथै कुनै पनि समयमा दुर्घटना भई जनधनको क्षति हुन सक्ने हुँदा त्यस्ता व्यवसाय सञ्चालन गर्ने व्यवसायीले आफ्नो केवल तार व्यवस्थित गरी लैजाने व्यवस्था ७ (सात) दिनभित्र मिलाउनु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनालाई बेवास्ता गरी नगरको सौन्दर्यमा आँच पुऱ्याउने र सम्भावित दुर्घटना हुन सक्ने केवल तार उपमहानगरपालिका स्वयम्ले हटाई त्यसको हटाउँदा लागेको लागत सम्बन्धित व्यवसायीबाट असुलउपर गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**हेटौंडा उपमहानगरपालिका**

## सम्पादकीय

# सरकारको आम्दानी-खर्च

नेपालको संविधान २०७२ ले तीन तहको सरकारको परिकल्पना गरेको छ । तर, बोलीचाली, व्यवहार र बुझाईमा भने आज पनि संघीय सरकार मात्रै सरकार जस्तो छ । यसो हुनुमा संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई अधिकार प्रत्यायोजनमा गरिरहेको कञ्जुस्याइँ एउटा पाटो छ भने अर्कोतर्फ प्रदेश र स्थानीय सरकार आफैंले आफूलाई सरकारको रुपमा बुझ्न नखोज्नु र नसक्नु हो । प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्री, स्थानीय सरकारका पदाधिकारीले पटक-पटक सरकार अर्थात् संघीय सरकारले हामीलाई बेवास्ता गऱ्यो, अधिकार, स्रोत, साधन दिएन भनेर गुनासो गरिरहेको हुन्छ । प्रदेश र स्थानीय सरकारले संघीय सरकारलाई चैं सरकार मान्नुको अर्को एउटा महत्वपूर्ण पाटो हो आम्दानीको स्रोत । प्रदेश र स्थानीय सरकार सञ्चालनको प्रमुख स्रोत नै संघीय सरकारले दिने पुँजीगत अनुदान हो ।

देशका ७५३ पालिकामध्ये १० वटा पनि त्यस्तो पालिका छैन जसले आफ्नो कुल खर्च आफ्नै आम्दानीबाट व्यवस्थापन गर्न सकोस् । हुन त संघीय सरकार आफैं विदेशी दातृ निकाय र दाता मुलुकको मुख ताक्न बाध्य छ । समस्या आम्दानी जुटाउन नसक्नुमा मात्रै पनि छैन, प्रदेश र स्थानीय सरकारहरु खर्च गर्ने मामलामा पनि जिम्मेवार देखिन्न । एक त आम्दानी कसरी गर्ने भन्नेमा ध्यान दिन सकेको छैन, क्षमता विकास गर्न सकेको छैन । अर्कोतर्फ संघीय सरकारले पठाउने पैसा जथाभावी खर्च गरिरहेको छ ।

बागमती प्रदेश सरकारको राजस्व संकलनको अवस्थालाई हेर्ने हो भने अन्य ६ वटा प्रदेश कसरी सञ्चालन होलान् भन्नेमा चिन्ता मान्नुपर्ने अवस्था छ । चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा प्रदेश सरकारले अनुमानको १० प्रतिशत मात्र राजस्व संकलन गरेको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षका ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको थियो । जस अनुसार प्रदेश सरकारका विभिन्न निकायहरुले आन्तरिक आय र बाह्य स्रोतबाट संकलित राजस्व भने आर्थिक वर्षको सुरुवाती ३ महिनामा १० प्रतिशत मात्र रहेको हो । प्रदेश सरकारले असोज मसान्तसम्ममा लक्ष्यको १० प्रतिशत अर्थात ६ अर्ब ८६ करोड ७ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन गरेको हो । प्रदेश सरकारले बाँडफाँटबाट २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ राजस्व प्राप्त हुने अनुमान गरेकोमा १२.९५ प्रतिशत (३ अर्ब ८२ करोड ८५ लाख ५६ हजार रुपैयाँ) संकलन गरेको छ ।

प्रदेश र स्थानीय सरकार गठन भएर दोस्रो कार्यकाल निर्वाचितहरुले सरकार सञ्चालन गरिरहेको छ । तर, प्रदेश र स्थानीय सरकारले गम्भीर भएर आफ्नो आम्दानीको स्रोत पहिचान गर्ने, सरोकारवालासँग छलफल गरी उपयुक्त निर्णय गर्ने प्रयास समेत गरेको छैन । सुरुवातदेखि नै संघीय सरकारको अनुदानको ठूलो हिस्साको खर्च योजना बनाएका प्रदेश र स्थानीय सरकारले समयानुकुल आफूलाई जिम्मेवार र परिपक्व बनाउनेतर्फ ध्यान दिन सकेको छैन । आम्दानी र खर्चको सन्तुलन मिलाउने, खर्चको प्रभावकारिता बढाएर आम्दानीका आधार सुनिश्चित गर्नेतर्फ प्रदेश र स्थानीय दुबै सरकारको ध्यान जान सकेको छैन । यसले बेला बेलामा संघीयता र प्रदेश संरचनामाथि उठ्ने प्रश्नलाई अझ सशक्त र सान्दर्भिक तुल्याउने गरेको छ ।

मूलतः ढाँचामा भन्दा कर्तामा समस्या हो । आजको समयमा लोकतान्त्रिक परिपाटी, जनताको सेवाका लागि विकास गरिएको तीन तह समस्या होइन । बरु यो तीनै तहलाई स्रोत, साधन, भुगोल र समयको आवश्यकताअनुसार परिचालन गर्ने दूरदृष्टिको अभाव हो । अध्ययन, अनुसन्धान, सिकाई र प्रभावकारी योजना निर्माणमा काम गर्ने प्रतिवद्धता मूलतः राजनीतिक नेतृत्वमा जरुरी छ । राजनीतिक नेतृत्वले उपयुक्त दृष्टिकोणसहित दीर्घकालिन लक्ष्य निर्धारण गरेर काम गर्ने गरी कर्मचारी प्रशासन परिचालनमा जिम्मेवार हुने हो भने हामी यही प्रणालीबाट सवल हुँदै विकसित हुने छौं । तर, दशकौं लगाएर व्यवस्था परिवर्तन गर्ने तर प्रवृत्ति जस्ताको त्यस्तै राखेर अवस्था सुध्रिएन भन्नु न्यायोचित होइन । यसर्थ विज्ञ, दक्ष र सक्षमलाई नेतृत्वको अवसरलाई सुनिश्चित गर्न जिम्मेवार व्यक्ति र समूह जवाफदेही हुनु नै पहिलो सर्त हुनेछ, सरकारहरुको आम्दानी र खर्चको सन्तुलन र समाजको समयानुकुल विकास हुन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बोलीले काममा पूर्णता प्राप्त हुने समय छ ।
**वृष** : पारिवारीक इच्छा विपरीत काम नगर्दा राम्रो ।
**मिथुन** : सहयोगीहरुले साथ दिने समय योग छ ।
**कर्कट** : मान–सम्मान बढ्ने समय योग रहेको छ ।
**सिंह** : मानसिक रिस, राग र संवेग बढ्ने समय छ ।
**कन्या** : भावनालाई नियन्त्रणमा राखी काम गर्दा राम्रैं ।
**तुला** : कर्मचारीहरुको बढुवा हुने र पुरस्कार प्राप्त होला ।
**वृश्चिक** : सेवा सुश्रामा समय व्यतित होला ।
**धनु** : धार्मिक र दार्शनिक विषयमा मन जाला ।
**मकर** : लगानी र दौडधूपमा समय व्यतित होला ।
**कुम्भ** : विगतका रमाइलो पलहरुको याद आउने छ ।
**मीन** : साझेदारी कामबाट त्यति लाभ प्राप्त हुन नसक्ला ।

# सूचना-प्रविधि दशक, उच्च शिक्षा र प्राविधिक जनशक्ति



✍डा. बाबुराम दवाडी

आधुनिक जीवनशैलीको महत्वपूर्ण आवश्यकता बनिसकेको छ, दूरसञ्चार र सूचना-प्रविधि । विकासको गति बढाउन र जीवनशैलीमा अपेक्षाकृत सुधार ल्याउन सूचना-प्रविधिलाई राज्यले अनिवार्य अपनाउनैपर्छ ।

१७ औं र १८ औं शताब्दीमा औद्योगिक क्रान्तिसँगै पश्चिमा मुलुकले आर्थिक प्रगतिका लागि सूचना-प्रविधि प्रयोगमा जोड दिए । आज ती मुलुक धेरै सम्भ्रान्त भएका छन् ।

नागरिकका लागि शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, बिजुली, सूचना-प्रविधि आदि आधारभूत सेवाको रूपमा स्थापित भइसकेका छन् । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सहितको सूचना प्रविधिलाई दुर्गम गाउँहरुसम्म पुऱ्याए मात्रै समग्रमा जनताको आर्थिक र सामाजिक स्तरमा प्रगति हुनेछ र 'डिजिटल डिभाइड' लाई क्रमशः घटाउँदै लान सकिनेछ ।

बजेट २०८१ को पाँच मुख्य आधारमा सूचना-प्रविधि क्षेत्र पनि प्राथमिकतामा परेको छ । यसै वर्षलाई प्रस्थान बिन्दु मान्दै बजेटमा सूचना-प्रविधि दशकको घोषणा गरिएको छ । योसँगै सूचना-प्रविधि क्षेत्र आगामी १० वर्षसम्म प्राथमिकतामा पर्नेछ, जसले ३० खर्बको सूचना-प्रविधि सेवा निर्यातसहित १५ लाखलाई रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ ।

यसरी बजेटमार्फत प्रक्षेपण गरिएका लक्ष्यले सूचना-प्रविधिको क्षेत्रमा अवसरको सिर्जना गरे पनि सो हासिल गर्न भने थुप्रै चुनौतीको सामना गर्नुपर्ने देखिन्छ । प्रायः बजेटका नारा राम्रा हुने तर कतिपय घोषणा भाषणमै र बजेट पुस्तिकामै सीमित हुने गर्छन् । बिना तयारी घोषणा गरिएको सूचना-प्रविधि दशकको नारा पनि बजेट पुस्तिकामै सीमित हुने हो कि भन्ने महसुस हुन थालेको छ । किनभने यस सम्बन्धमा लक्ष्य हासिल गर्न जुन तयारी र योजनासहित सरकार र सम्बन्धित निकाय लाग्नुपर्ने हो, सो देखिँदैन ।

कृत्रिम बौद्धिकता अर्थात् एआईको प्रयोगबाट सांसारिक जीवनचक्रमा देखिँदै गरेका अवसर र चुनौतीका बारेमा विश्वभरि चर्चा चलिरहेकै छन् । यद्यपि हामीकहाँ बजेट भाषणमार्फत घोषणा गरिएको सूचना-प्रविधि दशक र यसले प्रस्ताव गरेका महत्वकांक्षी योजनाका बारेमा जति चर्चा हुनुपर्ने हो, त्यति भएको देखिँदैन । बरु एआई अवधारणापत्र, साइबर सुरक्षा नीति, मस्यौदा हुँदै गरेको एआई नीति आदिका बारेमा चर्चा र विश्लेषण हुन थालेका छन् ।

"मन्त्रालय र विभागमा भिन्नाभिन्नै स्वचालित प्रणालीलाई एकीकृत तवर (अन्तर-आबद्धतासहित) ले सञ्चालन नगर्दा नागरिकले एकै खालको विवरण पटक-पटक भौतिक उपस्थित भई उपलब्ध गराउनुपर्ने बाध्यता छ । यस्तो अवस्थाको अनलाइन सेवाबाट नागरिकमा झन् वितृष्णा मात्र फैलिएको देखिन्छ ।"

सूचना-प्रविधि दशकले परिकल्पना गरेका लक्ष्य हासिल गर्न के गर्नुपर्छ ? सोको गहिरो विश्लेषणसहित योजना बनाउन जरुरी छ । अहिलेको परिप्रेक्ष्यमा नेपालमा देखिएको सम्भावना भनेको गुणस्तरीय सफ्टवेयर निर्माण अनि निर्यात र देश-विदेशमा कम्प्युटिङ सेवाहरू प्रदान गर्नु हो । नेपालभित्र थुप्रै आउटसोर्सिङ कम्पनी र स्टार्टअपहरु खुलेका छन् तर राष्ट्रिय परिचयपत्र, पासपोर्ट, ड्राइभिङ लाइसेन्स, एमडीएमएस, बैंकिङ सफ्टवेयर लगायत नागरिक सेवामा सञ्चालित प्रणाली विदेशी सफ्टवेयरकै भरमा चलिरहेका छन् ।

पाँच वटाभन्दा बढी बैंकिङ प्रणालीमा स्थापित 'पुमोरी सफ्टवेयर' (नेपाली उत्पादन) आज तीनवटामा सीमित भएको छ । त्यस्तै, ड्राइभिङसम्बन्धी नेपाली एप 'टुटल'भन्दा पठाओ र इनड्राइभ हाबी हुनुलाई जल्दोबल्दो उदाहरणका रुपमा लिन सकिन्छ । सूचना र प्रविधिका परामर्श सेवामा विदेशी विज्ञले नै बढी स्थान पाइरहेका छन् ।

नेपालमा सूचना-प्रविधि क्षेत्र एकदमै 'भल्नेरेबल' छ । नेपालका विश्वविद्यालयबाट कम्प्युटर इन्जिनियरिङ लगायत सूचना-प्रविधि क्षेत्रमा उत्पादित जनशक्तिको गुणस्तर र दक्षतामा प्रश्न चिह्न खडा भएका छन् । मापदण्डै नपुगेका र विनालगानीमा खुलेका विश्वविद्यालय एकातिर छन्, साथै विनाशिक्षक दरबन्दी कार्यक्रम थप्ने होडबाजीमा लागेका पुराना विश्वविद्यालयका कारण आज दक्ष जनशक्तिको अभाव हुन गएको छ । भएको जनशक्ति पनि उच्च आकांक्षासहित विदेश पलायन हुन थालेका कारण नेपालमा सूचना-प्रविधि क्षेत्र फस्टाउन नसकेको सरोकारवालाले औंल्याइरहेका छन् ।

नेपालमा १२ भन्दा बढी विश्वविद्यालय छन्, जसले वार्षिक थुप्रै विद्यार्थी (लगभग २० हजारभन्दा बढी)लाई सूचना-प्रविधिका स्नातक कार्यक्रममा भर्ना लिने गर्छन् । भर्ना भएकामध्ये औसतमा वार्षिक ३० प्रतिशतको हाराहारीले उपाधि हासिल गर्छन् । १२ कक्षा उत्तीर्ण गरेपछि दक्ष र गुणस्तरीय शिक्षाको आशामा विद्यार्थी विदेसिने दर पछिल्ला वर्षमा बढिरहेको छ भने देशभित्रै सञ्चालित पुराना विश्वविद्यालयलाई स्तरोन्नति गर्नुको सट्टा नयाँ विश्वविद्यालय खुल्ने होडबाजी पनि चलिरहेकै छ ।

नेपालका स्कुल तहमै अन्तर्राष्ट्रिय स्तरका पाठ्यक्रमसहित कम्प्युटर इन्जिनियरिङ कार्यक्रम सञ्चालनमा छन्, तर पूर्वाधार र दक्ष शिक्षकको अभावका कारण सीमित सहरमा मात्र उक्त कार्यक्रम सञ्चालित छन् । विनायोजना दूरदराजका स्कुलमा त्यस्ता प्राविधिक विषय सञ्चालनले थप अन्योलता सिर्जना गरेको छ ।

दक्ष शिक्षक समेत विदेश पलायन भइरहेका छन् । पुल्चोक क्याम्पसको इलेक्ट्रोनिक्स तथा कम्प्युटर इन्जिनियरिङ विभागकै उदाहरण लिन सकिन्छ । सो विभागमा स्नातक कम्प्युटर इन्जिनियरिङ कार्यक्रममा वार्षिक ९६ जना भर्ना हुन्छन् भने स्नातकोत्तरको नलेज इन्जिनियरिङ, डाटा साइन्स र साइबर सेक्युरिटीमा वार्षिक ६४ जना भर्ना हुन्छन् । हाल यहाँ सूचना-प्रविधिमा जम्मा ५१२ विद्यार्थी अध्ययनरत छन् ।

अन्तर्राष्ट्रिय मान्यता अनुसार, प्रति १० विद्यार्थी बराबर १ शिक्षक हुने हो भने उक्त विभागमा कम्प्युटर इन्जिनियरिङ सम्बन्धी कार्यक्रम सञ्चालन र अनुसन्धान गर्न मात्रै कम्तीमा ५० जना शिक्षक (७ प्राध्यापक, १४ सहप्राध्यापक र २८ उपप्राध्यापक)को खाँचो पर्छ । हाल उक्त विभागको कम्प्युटर इन्जिनियरिङ कार्यक्रममा एकजना प्राध्यापक, दुईजना सह-प्राध्यापक र चारजना उप-प्राध्यापक मात्र स्थायी दरबन्दीमा कार्यरत छन् । सीमित करार शिक्षकबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था छ । अन्य आंगिक क्याम्पसमा स्थायी उप-प्राध्यापक समेत पाउन गाह्रो छ । यसबाट सरकारी लगानीका अन्य विश्वविद्यालयको शिक्षक जनशक्तिको अवस्था सहजै आकलन गर्न सकिन्छ ।

यस्तो अवस्थाले शिक्षाको गुणस्तरमा सरोकारवालाले प्रशस्त प्रश्न उठाउने ठाउँ देखिन्छन् । शिक्षक-कर्मचारी जनशक्तिको यस्तो अवस्थामा पनि विश्वविद्यालय अनुदान आयोगले महत्वपूर्ण मापदण्डलाई बेवास्ता गर्दै कतिपय विश्वविद्यालय र क्याम्पसलाई गुणस्तर मान्यता दिनु आफैँमा अनौठो देखिन्छ ।

ज्ञानपार्क, डाटा सेन्टर, सूचना-प्रविधि हबजस्ता संरचना निर्माण गरेर मात्र हुँदैन, यसको सफल सञ्चालन र प्रतिफल निकाल्नका लागि प्रथम चरणमै दक्ष जनशक्तिको विकास जरुरी छ ।

निजामती सेवामा प्राविधिक जनशक्तिको अभाव छ । यस कारण नागरिक सेवामा सञ्चालित स्वचालित प्रणाली सबै आयातीत मात्र छन् । सामान्य समस्या आउँदा समेत तुरुन्त समस्याको समाधान हुन सक्दैन । मन्त्रालय र विभागमा भिन्नाभिन्नै स्वचालित प्रणालीलाई एकीकृत तवर (अन्तर-आबद्धतासहित) ले सञ्चालन नगर्दा नागरिकले एकै खालको विवरण पटक-पटक भौतिक उपस्थित भई उपलब्ध गराउनुपर्ने बाध्यता छ । यस्तो अवस्थाको अनलाइन सेवाबाट नागरिकमा झन् वितृष्णा मात्र फैलिएको देखिन्छ ।

जबसम्म विश्वविद्यालय, अनुसन्धान केन्द्रहरु लगायत राज्यका निकायले आफ्नै सूचना-प्रविधि सेवाको विकास गर्दैनन्, तबसम्म लक्ष्य अनुसारको सूचना-प्रविधि सेवा निर्यात सपना मात्र हुनेछ ।

विश्वविद्यालयले गर्ने अनुसन्धान तथा गुणस्तरीय शिक्षक जनशक्ति निर्माणमा राज्यले लगानी गर्नुपर्छ । अन्यथा सूचना-प्रविधि क्षेत्रबाट राज्यले ठूलो आशा राख्नुको कुनै अर्थ रहँदैन । विनालगानी प्रतिफलको आशा गर्न सकिँदैन । ज्ञानपार्क, डाटा सेन्टर, सूचना-प्रविधि हबजस्ता संरचना निर्माण गरेर मात्र हुँदैन, यसको सफल सञ्चालन र प्रतिफल निकाल्नका लागि प्रथम चरणमै दक्ष जनशक्तिको विकास जरुरी छ ।

भारत सरकारले शैक्षिक जनशक्ति निर्माणमा गरेको लगानी विश्वको एक अनुकरणीय उदाहरण बनेको छ । समग्रमा विश्व मानचित्रमा भारतले सूचना-प्रविधिसँगै आर्थिक समृद्धिमा उचाइ हासिल गरिसकेको छ ।


सूचना-प्रविधि दशकको घोषणालाई कागजमै सीमित नगरी साँच्चै लक्ष्य हासिल गर्ने गरी अघि बढ्ने हो भने सरकारले सञ्चार तथा सूचना-प्रविधि संयन्त्रको पुनः संरचनासहित विस्तृत योजना बनाई अघि बढ्नुपर्नेछ । उच्च शिक्षामा लगानीसहित शैक्षिक गुणस्तर कायम गर्न आवश्यकता अनुसारको दरबन्दी सिर्जना वा समायोजन गर्दै फास्ट-ट्र्याकबाट क्षमतावान् र अनुसन्धानमूलक प्राध्यापकको नियुक्ति गर्नुपर्नेछ ।

"निजामतीमा प्राविधिक सेवालाई उच्च प्राथमिकतामा राख्दै प्राविधिक जनशक्तिको संख्या उल्लेख्य बढाई प्राविधिकलाई काममा उत्प्रेरित गर्नुपर्नेछ । शिक्षा र उद्योगबिचको खाडल कम गर्न कदम चाल्नुपर्नेछ । समयमै नीति-नियमको निर्माण, कार्यान्वयन, उचित नियमन र निजी क्षेत्र सञ्चालनमा सहजता प्रदान गर्नुपर्नेछ । छरपस्ट भई सञ्चालित सरकारी स्वचालित प्रणालीमा अन्तर-आबद्धता गरी एकीकृत सेवा उपलब्ध गराउनुपर्नेछ ।"

स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्नेछ । एआई, ब्लकचेन, साइबर सुरक्षा, क्लाउड/एज कम्प्युटिङ, सफ्टवेयर डिफाइन्ड नेटवर्क, ५जी/६जी नेटवर्कजस्ता प्रविधि र आधुनिक संरचना सञ्चालन, व्यवस्थापन तथा मर्मत-सम्भार गर्न सक्ने प्राविधिकको विकास गर्नुपर्नेछ ।

*(लेखक पुल्चोक क्याम्पस कम्प्युटर इन्जिनियरिङ विषयका उपप्राध्यापक हुन् । स्रोतः रातोपाटि)*

# विवाहोत्सवको मर्म



✍निर्जन अधिकारी

आधुनिकतासँगै परम्परालाई पनि सम्हाल्न सक्ने हो भने मात्र हामीले वास्तविक अर्थमा विवाहलाई सफल बनाउन सक्छौं ।

केही महिनाअघि एक जना मिल्ने साथीको विवाहमा सहभागी हुन गएँ । विवाह निकै भव्य थियो । मण्डपको सर-सजावट, फूलमाला, आकर्षक बत्तीहरू, अनि सबै जना आधुनिक पहिरनमा सजिएका थिए । वातावरणमा एक प्रकारको उत्सवमय ऊर्जा थियो । सबै जना रमाइरहेका थिए । संगीत, नाचगान अनि स्वादिष्ट खाना, म पनि रमाइरहेको थिएँ । आखिर, विवाह भनेको उत्सव नै त हो, जहाँ दुलाहा-दुलही मात्र होइन, उपस्थित सबै जनाले आनन्द लिनुपर्छ । तर मज्जाले रमाइरहेको, नाचिरहेको बेला, जब नाच्दा नाच्दै थाकेर एकछिन मण्डपमा बिहे हेर्न गएँ तब बाहिरको माहोल जस्ताको तस्तै रहे पनि मेरो मनभित्रको माहोल बदलियो । पण्डितजीको आदेशमा वैदिक विधिहरु चलिरहेका थिए, मेरो मनमा एउटा प्रश्न आयो- हाम्रा विवाह जति भव्य हुँदैछन्, कतै हामी उति नै विवाहको वास्तविक मर्मलाई बिर्सिरहेका त छैनौं !

पण्डितजी मन्त्र पढिरहनुभएको थियो, वरपर सबै आ-आफ्नै धुनमा मस्त थियौं । कोही फोनमा व्यस्त, कोही फोटो खिच्न दौडिरहेका थिए । अलिबेर यताउता हेरेपछि मलाई लाग्यो, मान्छेहरु यस्तो पवित्र क्षणमा पनि मूल बिहेमै ध्यान दिन छाडेर ठ्याम्मै रमाइलोमा मात्र किन केन्द्रित भएका होलान् ! म दुलाहा-दुलहीको नजिकै गएँ र विधिहरुमा ध्यान दिन थालें ।

विवाहको क्रममा उच्चारित वैदिक मन्त्रहरु केवल धार्मिक प्रक्रिया मात्र होइनन् । ती मन्त्रहरुले विशेष ध्वनि र स्पन्दन (भाइब्रेसन) सिर्जना गर्छन्, जसले दुलाहा-दुलही मात्र होइन, उपस्थित सबै मानिसमा सकारात्मक ऊर्जा फैलाउँछ । वेदहरुले संकेत गर्छन् कि यी मन्त्रहरुको ध्वनिले वातावरणलाई शुद्ध पार्न, मानसिक शान्ति प्रदान गर्न अनि उपस्थित सबैको ध्यान एकाग्र बनाउन महत्वपूर्ण भूमिका खेल्छ । प्रत्येक मन्त्रको उच्चारणले सृष्टिसँग सामञ्जस्य राख्न मद्दत पुऱ्याउँछ, जसले दाम्पत्य जीवनलाई आध्यात्मिक ऊर्जामा बाँध्छ । मन्त्रहरुको ध्वनि तरंगले उपस्थित व्यक्तिहरूमा शान्ति र समर्पणको भावना सिर्जना गर्छ, जसले गर्दा यो धार्मिक क्षणलाई अझ पवित्र र गहन बनाउँछ ।

विवाहको मुख्य वैदिक मन्त्रहरूको गहिरो अर्थ हुन्छ । उदाहरणका लागि, सप्तपदीका प्रत्येक मन्त्रले दुलाहा-दुलहीको जीवनयात्राको महत्वपूर्ण पक्षलाई प्रतिनिधित्व गर्छ । सप्तपदी भनेको हिन्दु विवाहको

...बाँकी पृष्ठ ३ मा



**फेरि लाउनेलाई कात्तिके दान:** हेटौंडा-४, हुप्रचौरमा फेरि लगाउने जोगीलाई कात्तिके सिदा दान गर्नुहुँदै एक महिला । घर, परिवारमा शान्ति कायम राख्न, भूत, प्रेत, पिचास भगाउन दशनामी समुदायअन्तर्गतको सन्यायी, जोगीले साउन, कात्तिक र चैत महिनामा फेरि लगाउने परम्परा रहँदै आएको छ । ज्योतिष पण्डित तोयानाथ सुवेदीका अनुसार फेरि लगाउने सन्यायी, जोगीले रातीको समयमा भूत, प्रेत, पिचास भगाउन रातीको समयमा घरको चारकुना बाँध्ने गर्दछ । यसले घर, परिवारमा शान्ति कायम रहने विश्वास रहँदै आएको सुवेदीको भनाइ छ ।

# नेपाली श्रमिकलाई इजरायल नपठाइने

काठमाडौं : सरकारले इजरायलमा नेपाली श्रमिक तत्काल नपठाउने भएको छ । इजरायल र अन्य देशबीचको युद्ध साम्य भएर परिस्थिति सहज नहुँदासम्म श्रमिक नपठाउने भएको हो । इजरायलमा शान्तिपूर्ण अवस्था बनेपछि मात्रै श्रमिक पठाउने तयारी रहेको वैदेशिक रोजगार विभागले जनाएको छ । जीटूजी (सरकार-सरकारबीचको समझदारी) प्रक्रियाबाट केयर गिभरको रुपमा इजरायल जाने २ हजार ११२ जना नेपाली श्रमिकको छनोट १४ असोजमा चिठ्ठा प्रणालीबाट गरिएको थियो ।

वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले इजरायलमा जाने नेपाली श्रमिकहरुको सुरक्षा सुनिश्चित भएपछि मात्रै पठाउने प्रक्रिया थाल्ने बताए । 'नेपालीले त्यहाँ असुरक्षा भोग्नु नपरोस् भनेर सचेत छौं', उनले भने, 'पररराष्ट्र मन्त्रालयसँग निरन्तर छलफलमा छौं, परिस्थिति सहज नदेखेसम्म पठाउँदैनौं ।' इजरायल पछिल्लो एक वर्षयता समयदेखि प्यालेस्टाइनको



हमाससँगको युद्ध लडिरहेको छ । पछिल्लो समय इजरायल-इरानबीच युद्ध चर्कँदो छ । दुवैले एक अर्कालाई लक्षित गरी क्षेप्यास्त्रहरु प्रहार गरिरहेका छन् । लेबनानसँग पनि इजरायल युद्धमा छ ।

निरन्तरको युद्धका कारण अहिले इजरायलमा कार्यरत नेपालीहरु त्रसित अवस्थामा छन् । यस्तो बेलामा सरकारले भने रोजगारीका लागि थप नेपालीलाई त्यहाँ पठाउने तयारी गरेपछि त्यसको आलोचना भएको थियो । केयर गिभरको काम गर्न इजरायलले गोला प्रथाबाट छनोट गरेका नेपालीमा एक हजार १५६ महिला र पुरुष ९५६ छन् । छनोट भएका श्रमिकलाई पठाउन स्वास्थ्य परीक्षणपछि पूर्वप्रस्थान अभिमुखीकरण तालिम दिनुपर्छ । तर, अहिले विभाग यी प्रक्रिया अघि बढाइहाल्ने पक्षमा छैन ।

गत वर्ष २१ असोजमा प्यालेस्टाइनको हमास समूहले गरेको आक्रमणमा परेर इजरायलमा १० जना नेपालीको मृत्यु भएको छ । बेपत्ता भएका विपिन जोशीको अवस्था अझै अज्ञात छ । यो घटनापछि सरकारले विमान पठाएर २५३ जना र पछि भारत सरकारको सहयोगमा थप १८ जना नेपालीलाई स्वदेश फर्काएको थियो । हाल इजरायलमा करिब ४५ सय नेपाली रहेको अनुमान छ । त्यहाँ लेबनान र इरानले गरेको आक्रमणका कारण नेपालीहरु त्रासमा छन् । त्यसैले युद्ध चर्किएमा विगतमा जस्तै नेपालीहरु उद्धार गर्न समेत तयार हुनुपर्ने भएकाले सरकारले केही समय श्रमिक नपठाउने नीति बनाएको हो । *स्रोत: अनलाइनखबर ।*

## *विवाहोत्सवको...*

महत्वपूर्ण हिस्सा हो । यो संस्कारमा दुलाहा र दुलहीले एकअर्काको हात समाएर अग्नि वरिपरि सात पाइलाहरु चाल्छन् । यहाँ प्रत्येक पाइला एक नयाँ प्रतिज्ञा (व्रत) हो, जुन दाम्पत्य जीवनका विभिन्न पक्षहरुको प्रतीकात्मक प्रतिनिधित्व गर्छ । सप्तपदीमा गरिने प्रत्येक पाइला अग्नि वरिपरि एक पटक घुम्दै सम्पन्न हुन्छ, र यी सात व्रत विवाहको आध्यात्मिक, सामाजिक र नैतिक आधार हुन् ।

पहिलो पाइलाले सन्तानको पालनपोषण र पारिवारिक समृद्धिको वाचा गर्छ। अग्निको वरिपरि घुम्दै दुलाहा-दुलहीले आफ्नो भावी परिवारको लागि सबै सँगै कर्म गर्ने वाचा गर्छन् । दोस्रो पाइला आर्थिक समृद्धि र जीवनयापनका लागि परिश्रम गर्ने वाचा हो । तेस्रो पाइलामा, दुलाहा-दुलहीले एकअर्काको सुख-दुःखमा सँगै हुने प्रतिज्ञा गर्छन् । यो प्रेम, निष्ठा र समर्पणको प्रतीक हो । चौथो पाइला स्वस्थ्य र दीर्घायु जीवन बिताउने वाचा हो । उनीहरुले अग्नि वरिपरि सँगै घुम्दै स्वास्थ्य र कल्याणको महत्वलाई स्वीकार्छन् । पाँचौं पाइला धर्म, सत्य र निष्ठामा आधारित जीवन जिउने वाचा हो, जहाँ दुलाहा-दुलहीले आफ्नो जीवनलाई नैतिक मार्गमा लैजाने प्रतिज्ञा गर्छन् । छैटौं पाइला परस्पर साहस, धैर्य र विश्वासको वाचा हो । दुलाहा-दुलही हरेक चुनौतीमा सँगै रहन्छन् । अन्तिम सातौं पाइला भनेको जीवनभर एकअर्काका सच्चा मित्र बन्ने वाचा हो । यो व्रत दुलाहा-दुलहीको जीवनको आधार बन्ने, उनीहरुको सम्बन्धलाई सधैंका लागि बलियो बनाउने प्रतिज्ञा हो ।

यी सात पाइला केवल विवाहमा निभाइदिए जस्तो गर्दा पुग्ने तालिका होइनन् । केवल परम्परागत संस्कार मात्र होइनन्, जीवनभर एकअर्काप्रति समर्पित, निष्ठावान् र सहयोगी रहने वाचाहरु हुन् । सप्तपदीले दाम्पत्य जीवनको स्थिरता, सम्मान, प्रेम र परस्पर सहयोगको महत्वलाई उजागर गर्छ । विवाहको वास्तविक मर्म वैदिक संस्कारहरुमा छ, जसले दुलाहा-दुलहीलाई सामाजिक र आध्यात्मिक रुपमा एक बनाउँछ । प्रत्येक पाइला अग्निलाई साक्षी राखेर चालिन्छ, जसले विवाहलाई मात्र होइन, दुलाहा-दुलहीको सम्बन्धलाई पनि आध्यात्मिक ऊर्जासँग बाँध्छ ।

यो मेरो पहिलो पटक यस्तो अनुभव थिएन । पछिल्ला केही वर्षमा प्रायःजसो विवाहमा नै मैले यही प्रवृत्ति देखेको छु । हामी आधुनिकता र परम्पराको सन्तुलन खोजिरहेका छौं, तर प्रायः बाहिरी रमझममा मात्रै मग्न हुँदै परम्परागत विधिहरुलाई फगत 'औपचारिकता' जस्तो मान्न थाल्यौं । मैले साथीको विवाहमा पनि ठीक त्यस्तै देखें- पण्डितजीले मन्त्र उच्चारण गरिरहनुभएको थियो, तर धेरैको ध्यान त्यहाँ थिएन । कार्यक्रमको रमाइलोमा सबैले लगनगाँठोको पवित्रता बिर्सिंदै थिए । म त्यसबेला सोच्न थालें- के विवाह भनेको केवल सजावट, संगीत र भोज मात्र हो, कि यसले केही गहिरो अर्थ राख्छ ?

विवाहको मूल मर्म वैदिक संस्कारमै छ । सप्तपदी, अग्निसाक्षी अनि कन्यादान जस्ता विधिहरुले दुलाहा-दुलहीलाई सामाजिक र आध्यात्मिक रुपमा एक बनाउँछन् । सप्तपदीमा गरिने सात पाइलाले जीवनभरका वाचाहरु व्यक्त गर्छन्- एकअर्कालाई सधैं सहयोग गर्ने, सन्तानको पालनपोषण गर्ने, स्वास्थ्य, समृद्धि र निष्ठा कायम राख्ने । यी विधिहरुको गहिरो अर्थ छ, जसले हामीलाई हाम्रो संस्कारसँग जोड्छ ।

हामी आधुनिक तरिकाले विवाह मनाउँछौं, यो गलत भयो भनेको होइन । समय परिवर्तनशील छ, अनि हामीले आफ्नो जीवनशैलीलाई पनि समयसँगै परिमार्जन गर्नु स्वाभाविक हो । रमाइलो गर्नु, ठूलो भोज, नाचगान यी सबै आधुनिकताका हिस्सा बनेका छन्, जुन सुन्दर पनि हो । दुई व्यक्ति एक संसार, दुई परिवार एक परिवार हुनु उत्सवकै कुरा हो । आधुनिकता स्वीकार गर्नु र त्यसमा आनन्द लिनु आफैंमा समस्या होइन । तर, यो परिवर्तनको क्रममा हामीले आफ्नो संस्कृतिको गहिराइलाई बिर्सनुहुँदैन ।

मैले महसुस गरेको कुरामा अझ गहिरो अर्थ पनि छ–विवाहको मुख्य विधिहरुमा ध्यान नदिएकोमा जिम्मेवारी केवल कोही एकको होइन, हामी सबैको हो । विवाह योजनाकारहरूदेखि लिएर पण्डितसम्मले यी विधिलाई थप आकर्षक र ऊर्जा दिने गरी सम्पन्न गर्न आवश्यक छ । हामी जसरी कार्यक्रमका अन्य पक्षहरुमा व्यापक ध्यान दिन्छौं, त्यस्तै तरिकाले विधिहरुलाई पनि प्राथमिकता दिन आवश्यक छ । पण्डितहरुले मन्त्र उच्चारण गर्दा यसलाई अझ प्रभावकारी बनाउने र वातावरणलाई पवित्र बनाउन ध्यान दिने हो भने, विधिमा उपस्थित सबै जना मन्त्रको शक्ति र ऊर्जा महसुस गर्न सक्छन् । मन्त्रहरुको ध्वनि र स्पन्दनले मात्र होइन, पण्डितहरुको व्यक्तित्व र उच्चारणको प्रभावले पनि विधिलाई संजीवनी शक्ति दिन सक्छ । यसबाहेक, विवाहको मुख्य विधिमा ध्यान दिनु, यो क्षणलाई केन्द्रीय स्थानमा बनाउनु अनि विवाहको पवित्रता कायम राख्नुमा कार्यक्रम आयोजक र सहभागी दुवैको भूमिका महत्वपूर्ण छ ।

विवाह भनेको केवल एउटा दिनको उत्सव होइन, यो दुई व्यक्तिको जीवनको नयाँ अध्यायको सुरुआत हो । अग्निलाई साक्षी राखेर गरिने सप्तपदी र वाचाहरुले यसलाई पवित्र बनाउँछ । विवाहको वास्तविक महत्व ती विधिहरुमा छ, जसले दुई व्यक्तिलाई केवल दम्पती मात्र होइन, आत्मिक रुपमा पनि एक बनाउँछ । मेरो विचारमा, विवाहमा आधुनिकता स्वीकार गर्नु स्वाभाविक हो, तर हामीले परम्परागत विधिहरुलाई पनि समान महत्व दिनुपर्छ । रमाइलो र तामझाम ठीकै हो, तर ती विधिहरूले दिने गहिरो सन्देश र त्यसको पवित्रता गुमाउनुहुँदैन । विवाहको भव्यता मात्रै होइन, त्यसका मर्म पनि बचाएर राख्न जरुरी छ ।

त्यस दिन साथीको विवाहमा सहभागी हुँदा मैले एकदमै रमाइलो गरें । तर मनमा एउटा कुरा स्पष्ट भयो- विवाहको असली सुन्दरता सजावट र भोजमा मात्र होइन, त्यसको पवित्र विधिहरूमा पनि छ । आधुनिकतासँगै परम्परालाई पनि सम्हाल्न सक्ने हो भने मात्र हामीले वास्तविक अर्थमा विवाहलाई सफल बनाउन सक्छौं ।

*(स्रोत: अनलाईनखबर)*


## दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.को
## २६औं वार्षिक साधारणसभा सम्बन्धी सूचना


यस बहुउद्देश्यीय सहकारी संस्था लि.को २६ औं साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको ब्यहोरा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराइसकिएको छ । यदि पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर साधारणसभामा अनिवार्य उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम :**
मिति: २०८१/०७/१० गते शनिबार
समय: ११:०० बजे
स्थान: हेटौंडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका विषयहरु :**
१. अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
२. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिवज्युको प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्षज्यूबाट आ.ब.२०८०/२०८१ को प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ.व. ०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आन्तरिक लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. आ.व. २०८१/०८२ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. संचालक समिति एवम् लेखा समितिको पदपूर्ति सम्बन्धमा ।
८. शेयर लाभांश एवं संरक्षित पुंजीकोष फिर्ता वितरण सम्बन्धमा ।
९. संस्थाको आवश्यकता अनुसार घर/घडेरी खरिद एवम् बिक्री सम्बन्धमा ।
१०. २०८०/०८१ को शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
११. विविध ।

**नोट :** २०८० सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोराछोरीहरुलाई पुरस्कृत गरिने हुँदा मिति २०८१/०६/३० गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारणसभामा सदस्य स्वयम् उपस्थित भएमा यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रतिसदस्य २ लिटर प्रदान गरिनेछ ।

**ईश्वर पण्डित**
**सचिव**
**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि**
**हेटौंडा-२, मकवानपुर**



## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराइड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## यु-१९ छनोट क्रिकेट

# ४ खेलमा मकवानपुर जितविहिन



मकवानपुर जिल्ला क्रिकेट टिम ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशस्तरीय यु-१९ क्रिकेट टिम छनोटका लागि बागमती प्रदेश क्रिकेट संघले आयोजना गरेको छनोट खेलमा मकवानपुरले खेलेको ४ खेलमा एउटा पनि जित निकाल्न सकेको छैन । बिहिबार काठमाडौंस्थित तल्लो मूलपानी क्रिकेट मैदानमा भएको खेलमा मकवानपुर काठमाडौंसँग पराजित भएको छ । छनोट प्रतियोगिताअन्तर्गत ४ खेलमध्ये ३ खेलमा मकवानपुर पराजित भएको छ भने एक खेल वर्षाका कारण अनिर्णित बन्न पुग्यो ।

छनोट प्रतियोगिताको अन्तिम खेलमा शुक्रबार मकवानपुरले भक्तपुर जिल्लाको सामना गर्दैछ । भक्तपुर पनि राम्रो टिम भएकोले मकवानपुरलाई जित निकाल्न कठिन हुने मकवानपुर जिल्ला क्रिकेट संघका सचिव एवम् अम्पायर बिनोद कुमार बानियाँ बताउनुहुन्छ । छनोट प्रतियोगिता भए पनि जिल्लाको किशोर टिमको प्रदर्शन सन्तोषजनक नहुनु चिन्ताको विषय हो । मकवानपुरको व्याटिङ कमजोर रहेको बानियाँ बताउनुहुन्छ । घरेलु मैदानमा मकवानपुर नुवाकोटसँग १ रनले पराजित भयो भने चितवनसँग ३ रनले पराजित हुन पुग्यो । ललितपुर सँगको खेलमा भने वर्षा बाधक बन्दा खेलको स्पष्ट नतीजा निक्लिएन ।

बिहिबारको खेलमा काठमाडौंले मकवानपुरलाई ७ रनले पराजित गरेको हो । टस जितेर पहिले व्याटिङ गरेको काठमाडौंले निर्धारित ४० ओभरमा ७ विकेट गुमाउँदै १ सय ५४ रन बनाएको थियो । काठमाडौंका नितेश पटेलले ३९ बलमा ५१ रन बनाए । निश्चल श्रेष्ठले ७५ बलमा ४१ रन बनाए । शार्दुल भट्टले ६८ बलमा ३१ रन र विजय धितालले २६ बलमा १३ रन बनाए ।

बलिङतर्फ मकवानपुरबाट रोहित ठाकुरले २० बलमा र एमडी राजा अहमदले ३९ बलमा समान ३/३ विकेट लिए । यस्तै प्राञ्जल उपाध्यायले २७ बलमा १ विकेट मात्र लिएका थिए । १ सय ५४ रनको लक्ष्य पछ्याएर जवाफी व्याटिङमा उत्रिएको मकवानपुरले ३९ ओभर ५ बलमा १ सय ४७ रन बनाउँदै अल आउट हुन पुगेको थियो । मकवानपुरका टिम कप्तान गोकुल अधिकारीले ६६ बलमा ४८ रन बनाएका थिए । आशिक अधिकारीले ४५ बलमा १९ रन बनाएका थिए । गौरव श्रेष्ठले १५ बलमा १७ रन र शिवशक्ति महतोले १८ बलमा ११ रन बनाएका थिए ।

बलिङतर्फ काठमाडौका नितेश कुमारले १५ बलमा, श्रदुल भट्टले १६ बलमा र दयान्नद मण्डलले ३७ बलमा समान २/२ विकेट लिएका थिए । शनिबार देखि विराटनगरमा हुन लागेको वाइवाइ यु-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि प्रदेश टिम तयार पार्न छनोट प्रतियोगिताको आयोजना गरेको हो ।

# बिस्तारै मोटरसाइकल चलाउने प्रतियोगितामा शंकर प्रथम

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडाको आयोजनामा भएको बिस्तारै मोटरसाइकल चलाउने प्रतियोगितामा हेटौंडा-११ का सुकदेव सदाशंकर प्रथम हुनुभएको छ । जेसीआई हेटौंडाको जेसीज सप्ताहअन्तर्गत बिहिबार बिहान भएको प्रतियोगितामा हेटौंडा-८, कमानेका गोपाल थापा द्वितीय हुनुभएको छ । यस्तै भीमफेदी गाउँपालिकाका कमल घलान तृतीय हुनुभएको छ । हेटौंडा-४, शितलमहलचोकदेखि हुप्रचौरको मुख्य गेटसम्मको दूरीमा प्रतियोगिताको आयोजना गरिएको थियो ।

प्रतियोगितामा २६ जनाको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई शुक्रबार जेसीज सप्ताहको समापन कार्यक्रममा पुरस्कार स्वरुप हेल्मेट र प्रमाणपत्र प्रदान गरिने छ । जेसीआई हेटौंडाका अध्यक्ष विकेशलाल श्रेष्ठको सभाध्यक्षमा तथा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख विश्वराज खड्काको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको हो ।

# जेसीजको आयोजनामा ३० जनाले रक्तदान गरे




रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडाको जेसीज सप्ताहअन्तर्गत बिहिबार बिहान रक्तदान कार्यक्रम भएको छ । हेटौडा-४, हुप्रचौरमा भएको कार्यक्रममा ३० जनाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

जेसीआई हेटौंडाका अध्यक्ष विकेशलाल श्रेष्ठको अध्यक्षता तथा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार भीमसागर गुरागाईको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको हो ।

जेसीज सप्ताहअन्तर्गत बुधबार हेटौंडा-१५, चिप्लेटीस्थित विश्वज्योति आधारभूत विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको थियो ।

# लागूऔषध दूर्व्यसनविरुद्ध अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडाले जेसीज सप्ताहअन्तर्गत हेटौंडा-९ लामसुरेधापस्थित सिआन महिला पुनःस्थापना केन्द्रमा लागूऔषध दूर्व्यसनविरुद्ध अभिमुखीकरण कार्यक्रम गरेको छ । वडाका टोल विकास संस्था र आमा समूहका प्रतिनिधिको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम गरेको हो ।

कार्यक्रममा लागूऔषध दूर्व्यसनका कारण, दूर्व्यसनले व्यक्ति र समाजमा पार्ने नकारात्मक प्रभाव, कुलतबाट छुटकारा पाउने उपायलगायतका विषयमा सिआनकी कार्यक्रम संयोजक सन्जु लामिछाने र निर्देशक सौजन डिसीले सहजीकरण गर्नुभएको थियो । ईलाका प्रहरी कार्यालय पशुपतिनगरकी प्रहरी निरीक्षक विमलाकुमारी कठायतको प्रमुख आतिथ्य तथा जेसीआई हेटौंडाका अध्यक्ष विकेशलाल श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा कठायत र श्रेष्ठले लागूऔषध दूर्व्यसन न्यूनीकरणका लागि समुदायका सबै मानिसहरु जिम्मेवार भएको भन्दै त्यसका लागि सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

## श्रीलंकालाई ६ गोल गर्दै नेपाल समूह विजेता

# सेमिफाइनलमा भारतसँग भिड्ने

समाज संवाददाता

हेटौंडाः साफ महिला च्याम्पियनसिप २०२४ मा घरेलु टोली नेपाल समूह ‘बी’को विजेता बनेर सेमिफाइनलमा पुगेको छ । बिहीबार दशरथ रंगशालामा भएको खेलमा नेपालले श्रीलंकालाई ६-० गोलले पराजित गरेर समूह विजेता बन्यो । नेपालले समूहमा ७ अंक जोड्दा उपविजेता बनेको भुटानले पनि ७ अंक नै जोड्यो । गोलअन्तरमा भने नेपालले भुटानलाई एक गोलले पछि पार्‍यो ।

यसअघि नेपालले माल्दिभ्सलाई ११-० गोलले पराजित गर्दा भुटानसँग गोलरहित खेलेको थियो । अब नेपालले आइतबार दोस्रो सेमिफाइनलमा भारतसँग खेल्नेछ । त्यसअघि भुटान र बंगलादेश पहिलो सेमिफाइनलमा भिड्ने छन् । बिहीबार समूहको अन्तिम खेलमा नेपालले श्रीलंकाविरूद्ध पहिलो हाफमै चार गोल गर्दा दोस्रो हाफमा दुई गोल गर्‍यो । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बिहिबार भएको खेलमा नेपालका लागि रेखा पौडेलले दुई गोल गरिन् । अघिल्लो खेलमा माल्दिभ्सविरूद्ध पाँच गोल गरेकी रेखाले बिहीबार श्रीलंकाविरूद्ध १३ र ३६ मिनेटमा गोल गर्न सफल भइन् ।

रेखाले १३ मिनेटमा अमिषा कार्कीले गरेको क्रसमा डिबक्स भित्रबाट उत्कृष्ट भलिमार्फत् बललाई गोल पोस्टको दिशा दिएकी थिइन् । ३६ मिनेटमा रेखाले सावित्रा भण्डारी साम्बाले डिबक्स बाहिरबाट हानेको सशक्त प्रहारलाई गोल लाइन नजिक छुँदा जाली चुमेको थियो । त्यसअघि आठौं मिनेटमा सविता रानामगरले साम्बाको पासमा डिबक्सभित्रबाट गोल गरेर नेपाललाई अग्रता दिलाएकी थिइन् ।

अघिल्ला दुई खेलमा अनुपस्थित साम्बाले ११ मिनेटमा लोभलाग्दो गोल गरेकी थिइन् । डिबक्स बाहिरबाट हानेको उत्कृष्ट प्रहारले सिधा गोलपोस्टको दिशा लिएको थियो । दोस्रो हाफमा नेपालले थप दुई गोल गर्‍यो । अमिषा कार्कीले ४७ मिनेटमा नेपालका लागि पाँचौ गोल गरेकी थिइन् ।

नेपालले दोस्रो हाफको इन्जुरी समयमा नेपालले छैटौं गोल गरेको थियो । नेपालका लागि रश्मिकुमारी घिसिङले सो गोल गरेका थिइन् भने नेपाललाई समूह विजेता बनाइन् ।

# पोलियोविरुद्ध सचेतनाका लागि साइकल ऱ्याली



साइकल ऱ्यालीमा सहभागीहरु ।

समाज संवाददाता

हेटौंडाः विश्व पोलियो दिवसको अवसरमा रोटरी क्लबले बिहिबार बिहान हेटौंडामा साइकल ऱ्यालीको आयोजना गरेको छ । हेटौंडामा क्रियाशील रोटरी क्लब अफ हेटौंडा र रोटरी क्लब अफ मकवानपुरको संयुक्त आयोजनामा बिहिबार बिहान हेटौंडा बजारको उद्योग वाणिज्य संघ चोकबाट सुरु भएको साइकल ऱ्याली मेनरोड, बुद्धपथ, हरियाली टोल, भैरवरोड, सानोपोखरा, मनकामनाचोक, नगरपालिकारोड, मानसचोक, काँग्रेसचोक, पल्पसारोड हुँदै पुनः मकवानपुर उद्योग वाणिज्य संघ चोकमा पुगेर समापन गरिएको थियो ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार भीमसागर गुरागाईको प्रमुख आतिथ्य तथा जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारको आतिथ्यमा ऱ्यालीको उद्घाटन कार्यक्रम भएको थियो । नेपालमा पोलियो उन्मुलन भएको घोषणा गरिए पनि पुनः पोलियोका जिवाणु देखिएकोले पोलियोसम्बन्धी सचेतना अभिवृद्धि गर्न र बालबालिकालाई पोलियोविरुद्धको खोप लगाउन सचेतना अभिवृद्धिको कार्यमा रोटरीले सहयोग गरेको जनाएको छ ।

साइकल ऱ्यालीमा मकवानपुर जिल्ला साइक्लिङ संघसँगै क्रियाशील साइक्लिङ क्लबहरुको पनि सहभागिता रहेको थियो । कार्यक्रममा रोटरी इन्टरनेशनल डिष्ट्रिक्ट ३२९२ का एसिस्टेन्ट गभर्नर तथा रोटरी क्लब अफ हेटौंडाका पूर्वअध्यक्ष रामप्रसाद शर्मा, रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष प्रकाश ढकाल, रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष अनिल अग्रवालसहित रोटरी क्लबका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# अवैध सुनसहित २ भारतीय समातिए

काठमाडौंः अवैध सुनसहित दुई भारतीय नागरिकलाई प्रहरीले काठमाडौंको न्यूरोडबाट पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा भारतको पश्चिम बंगाल कलकत्ता, पश्चिम मेदिनीपुर घर भएका ३५ वर्षीय प्रशान्तिज बेरा र पश्चिम बंगालकै मेदानपुर जिल्ला समङ थाना घर भएका ३० वर्षीय आनन्द साहु छन् । उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले न्यूरोडबाट बुधबार पक्राउ गरेको हो । उनीहरुबाट ११६.४५ ग्राम सुन बरामद गरिएको अपराध अनुसन्धान कार्यालयका एसपी तथा प्रवक्ता काजिकुमार आचार्यले बताए । शंकास्पद तवरले न्यूरोडमा हिँड्दै गरेको अवस्थामा साहुलाई प्रहरीले पक्राउ गरेको थियो । उनीबाट बिना बिल बजिकको उक्त सुन बरामद भएको थियो । अनुसन्धानका क्रममा उक्त सुन बेराको रहेको खुलेपछि उनलाई पनि पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरुलाई कारबाहीका लागि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालय पठाइएको छ । *स्रोतः अनलाइनखबर ।*

# बकैयामा जेके एफसी कप सुरु

समाज संवाददाता

हेटौंडाः दीपावलीको अवसर पारेर मकवानपुरको पूर्वी क्षेत्र बकैया गाउँपालिका ९ च्याउँच्याउँमा जेके एफसी कप सुरु भएको छ । बकैयाको जेके फुटवल क्लबको आयोजनामा बिहिबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा जेके एफसी ‘ए’ ले कान्द्राङ एफसीलाई १०-० गोलअन्तरले पराजित गरेको छ ।

क्लबका अध्यक्ष बीरबहादुर सिन्तानको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको थियो । बल हस्तान्तरणपछि उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि बानियाँले खेलको माध्यमबाट देशलाई चिनाउने कार्यको सुरुवात भइरहेको बताउनुभयो । क्रिकेट, फुटबललगायत खेलको माध्यमबाट विस्तारै नेपालको नाम चर्चामा आउन लागेको बताउनुहुँदै नेता बानियाँले संघीय, प्रदेश र स्थानीय सरकारले पनि खेलकुदमा लगानी बढाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, गाउँपालिकाका निवर्तमान अध्यक्ष दामोदर खनाल, बकैया ९ का वडा अध्यक्ष टंकध्वज लोप्चन, बकैया खेलकुद विकास समितिका संयोजक विजय थिङलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । कात्तिक १४ गतेसम्म संचालन हुने प्रतियोगितामा २६ टिमले सहभागिता जनाएको क्लबका अध्यक्ष सिन्तानले जानकारी दिनुभएको छ । प्रतियोगितामा प्रथम र द्वितिय हुने टिमले क्रमशः नगद ३० हजार र १५ हजारसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ